# नीति संक्षेप

# अनुकूलनको रूपमा बसाइँसराई: नेपालको पहाडी र तराई क्षेत्रमा भईरहेको जलवायु गतिशीलता

## १. परिचय

यो नीति संक्षेप 'बसाइँसराई: अनुकूलन वा बाध्यता ? नेपालको पहाडी र तराई क्षेत्रहरुमा जलवायु प्रभावहरूको एक गुणात्मक अध्ययन' मा आधारित छ। संखुवासभा, भोजपुर, खोटाङ, सुनसरी र रुपन्देही जिल्लामा गरिएको अध्ययनले जलवायु परिवर्तन र आन्तरिक बसाइँसराईबीचको सम्बन्धलाई विश्लेषण गरेको छ।

अध्ययनले खडेरी, बाढी, भुक्षय तथा पानीको अभावजस्ता जलवायुजन्य जोखिमहरू सामाजिक-आर्थिक असमानता, गरिबी, कमजोर स्थानीय सुशासन र सीमित सार्वजनिक सेवासँग अन्तरसम्बन्धित हुँदा बसाइँसराईलाई तीव्र बनाइरहेको देखाएको छ। वातावरणको क्षयले प्रत्यक्ष रूपमा मात्र विस्थापन नगरी विद्यमान संरचनागत कमजोरीलाई थप गहिरो बनाउने 'खतरा बढाउने तत्व' (Threat Multiplier) का रूपमा काम गरिरहेको छ[1]।

अध्ययनअनुसार आर्थिक तथा सामाजिक स्रोतमा पहुँच भएका परिवारहरूले बसाइँसराईलाई जीविकोपार्जनको विविधिकरण तथा जोखिम न्युनीकरणका लागि रणनीतिक अनुकूलन उपायका रूपमा प्रयोग गरिरहेका छन्। तर, ग्रामीण जीविकोपार्जनका आधारहरू कमजोर हुँदै गएका र स्रोत-साधनमा सीमित पहुँच भएका सीमान्तकृत परिवारहरू भने बाध्यतात्मक रूपमा बसाइँसराई गर्न वा उच्च जोखिमयुक्त क्षेत्रमा बसिरहन विवश छन्।

नेपालको राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ र राष्ट्रिय अनुकूलन योजना (२०२१-२०५०) ले वातावरणीय तथा जलवायुजन्य बसाइँसराईलाई स्वीकार गरे पनि सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय अभाव तथा स्पष्ट कार्यान्वयन संयन्त्र नहुँदा नीतिगत प्रतिबद्धता व्यवहारमा रूपान्तरण हुन सकेको छैन। साथै, जलवायुजन्य विस्थापनको कानुनी मान्यता र तथ्याङ्कीय अभिलेखीकरणको अभावले प्रभावित समुदायहरूलाई संरक्षण तथा पुनर्स्थापनाका कार्यक्रमबाट समेत वञ्चित बनाइरहेको छ।

यस सन्दर्भमा बसाइँसराईलाई केवल विपत् पछिको प्रतिक्रियात्मक व्यवस्थापनको विषयका रूपमा नभई जलवायु अनुकूलन, विकास योजना, सामाजिक संरक्षण र स्थानीय सुशासनसँग जोडिएको बहुआयामिक विषयका रूपमा हेर्न आवश्यक छ। जलवायुजन्य जोखिमका कारण हुने बाध्यतात्मक बसाइँसराईलाई कम गरी सुरक्षित, मर्यादित र स्वैच्छिक गतिशीलतालाई प्रवर्द्धन गर्न एकीकृत, क्षेत्रविशेषमा आधारित तथा अधिकारमुखी नीतिगत अभ्यास अपरिहार्य देखिन्छ।

## २. कार्ययोग्य नीतिगत ढाँचा

### क. औपचारिक कानुनी मान्यता र दिगो बसोबास संरक्षण

जलवायुजन्य विस्थापनले विद्यमान राष्ट्रिय कानुनी प्रणालीभित्र अझै पनि कुनै औपचारिक कानुनी मान्यता पाउन सकेको छैन। फलस्वरूप, थातथलो गुमाएर तराईमा शरण खोज्न आउने विस्थापित परिवारहरू प्राय: दर्ता नभएका सरकारी जग्गा (ऐलानी वा पर्ती जग्गा) मा बस्न बाध्य हुन्छन्। स्थायी स्वामित्व र कानुनी पहिचान नहुँदा उनीहरू न्युन सामाजिक पुँजी, तीव्र वातावरणीय जोखिम र प्रशासनिक वा स्थानीय स्तरबाट हुने बारम्बारको जबरजस्ती निष्कासन (Eviction) को उच्च चपेटामा परिरहेका छन्।

अध्ययनमा सहभागीहरूले सुरक्षित र स्वामित्वयुक्त आवासको अभावलाई आफ्नो प्रमुख चिन्ताको रूपमा औंल्याएका छन्। आफ्नै नाममा जग्गा

[1]. वातावरणीय क्षयीकरणले सामाजिक-आर्थिक खतरा गुणकको रूपमा काम गर्ने सम्बन्धमा विस्तृत छलफलका लागि Britchenko (2025), Huntjens et al. (2015), and Mamshai (2023) हेर्नुहोस्।

वा सुरक्षित बसोबासको सुनिश्चितता नहुँदा उनीहरू निरन्तर असुरक्षाको बीच जीवनयापन गर्न बाध्य छन् । विशेष गरी पहिरो, बाढी तथा अन्य जलवायुजन्य जोखिमयुक्त क्षेत्रका बासिन्दाहरू सम्भावित विपद्को त्रासबीच बाँचिरहेका छन्, जसले उनीहरूको जीविकोपार्जन, सामाजिक सुरक्षा र भविष्यप्रतिको भरोसामा गम्भीर नकारात्मक असर पारेको छ ।

अर्कोतर्फ, जलवायुजन्य बसाइँसराईसँग सम्बन्धित नीतिगत व्यवस्थाहरू भए तापनि सम्बद्ध मन्त्रालय, निकाय र तीनै तहका सरकारहरूबीच प्रभावकारी समन्वयको अभाव देखिन्छ । हाल भइरहेका प्रयासहरू प्रायः खण्डित, परियोजनामुखी र अल्पकालीन प्रकृतिका भएकाले यस समस्याको दीर्घकालीन र दिगो समाधान हुन सकेको छैन । तसर्थ, जलवायुजन्य जोखिमका कारण हुने बाध्यतात्मक बसाइँसराईलाई न्युनीकरण गर्न, प्रभावित समुदायको सुरक्षित पुनर्स्थापना सुनिश्चित गर्न तथा बसाइँसराईलाई मर्यादित र योजनाबद्ध अनुकूलन विकल्पका रूपमा प्रवर्द्धन गर्न निम्न नीतिगत कदमहरू चाल्नु अपरिहार्य देखिन्छ :

- **नीतिगत समाधानः** नेपालले 'जलवायु विस्थापित व्यक्ति'को हैसियतलाई राष्ट्रिय कानुनी ढाँचाभित्र औपचारिक रूपमा समावेश गर्नुपर्छ । यो आधारभूत कानुनी मान्यतालाई जग्गाको सुरक्षित स्वामित्व सुनिश्चित गर्न, औपचारिक पुनर्वासका विकल्पहरू उपलब्ध गराउन र जग्गासम्बन्धी असुरक्षाको चक्र तोड्न दिगो आवास समाधानको स्थापनाका लागि उपयोग गरिनुपर्छ ।
- **संस्थागत समन्वय (Institutional Coordination):** नियोजित स्थानान्तरणहरू (Planned Relocations) पूर्णतया सुरक्षित, समावेशी र मानव अधिकारमा आधारित होऊन् भन्ने सुनिश्चित गर्न स्थानीय, प्रदेश र सङ्घीय निकायहरूले बसाइँसराइ, वातावरण र जलवायु परिवर्तन (Migration, Environment and Climate Change – MECC) अन्तरसम्बन्ध सम्बन्धी 'काठमाडौँ घोषणापत्र' लाई तत्काल कार्यान्वयनमा ल्याउनुपर्छ ।
- **विधायिकी कदम (Legislative Measures)**: सङ्घीय संसदले 'भूमिगत जल नियमन तथा जलस्रोत विधेयक २०२५' को कानुन निर्माण प्रक्रियालाई तीव्रता दिनुपर्छ । यो कानुनले सरकारका तीनै तहबीच प्राकृतिक स्रोत व्यवस्थापनको अधिकार क्षेत्रलाई स्पष्ट रूपमा संहिताबद्ध (Codify) गर्नुका साथै सीमापार स्रोत द्वन्द्व न्यूनीकरण गर्न आवधिक जोखिम मूल्याङ्कन र समतामूलक लाभ बाँडफाँटका कानुनी संयन्त्रहरू स्थापित गर्नुपर्छ ।

## ख. स्थानविशेष भू-बनोट अनुसारका अनुकूलन योजना र स्थानीय तहको तथ्याङ्कमा लगानी

जलवायु परिवर्तनको स्थानीयकृत प्रभावलाई न्युनीकरण गर्न सरकारले परम्परागत नीतिहरू त्यागेर भुगोल र स्थानविशेष (Site–specific) भु-बनोट अनुसारका अनुकूलन योजनाहरू तर्जुमा गर्नुपर्छ । यसका लागि प्रत्येक स्थानीय तहमा वैज्ञानिक र वास्तविक समयको (Real–time) वातावरणीय तथ्याङ्क प्रणाली (Data System) निर्माणमा व्यापक लगानी बढाउनु अपरिहार्य देखिन्छ ।

राष्ट्रिय तहका अभ्यासहरू प्रायः असफल देखिनुको मुख्य कारण तिनीहरू "सबैका लागि एउटै उपाय" भन्ने नीतिगत ढाँचामा आधारित हुनु हो, जसले नेपालको विशिष्ट भौगोलिक विविधतालाई पुर्णतया नजरअन्दाज गर्दछ। उदाहरणका लागि, पहाडी जिल्लाहरू मन्द गतिमा देखापर्ने वातावरणीय प्रभावहरूबाट बढी प्रभावित छन्, जसमा पानीका मुहानहरू तीब्र रूपमा सुक्दै जानु, दीर्घकालीन खडेरी पर्नु तथा बँदेल र बाँदरजस्ता वन्यजन्तुसँगको विनाशकारी द्वन्द्व बढ्नु मुख्य हुन् । यी चुनौतीहरूका कारण व्यापक रूपमा खेतीयोग्य जमिन बाँझो छाड्ने प्रवृत्ति बढेको छ । जसले अन्ततः युवा वर्गलाई ठुलो मात्रामा बाह्य बसाइँसराईतर्फ धकेलिरहेको छ । यो बहुआयामिक दबाबका कारण स्थानीय कृषि प्रणाली नै धराशायी बन्दै गएको छ। यस पीडालाई स्थानीय किसानहरूले यसरी उजागर गरेका छन्, "माटोले चिस्यान गुमाएपछि अलैंचीको उत्पादकत्व घटेको छ । त्यसैगरी, मौसम अप्रत्याशित रूपमा परिवर्तन हुँदा सुन्तलाका बोटहरू मर्दै गएका छन् ।"

यस विपरीत, समथर तराईका मैदानहरूले आकस्मिक रूपमा आउने वातावरणीय जोखिमहरू जस्तै आकस्मिक बाढी, नदीकटान, अत्यधिक गर्मी (हिट वेभ) र डेंगुजस्ता कीटजन्य रोगहरूको प्रकोपको सामना गरिरहेका छन् । तल्लो क्षेत्रको यो वातावरणीय तनावले पर्या-पर्यटन (इको-टुरिजम) जस्ता सहायक आर्थिक क्षेत्रहरूलाई समेत गम्भीर क्षति पुऱ्याउन थालेको छ । यसै सन्दर्भमा स्थानीयहरू भन्छन्, "जलवायु परिवर्तनका कारण पर्यटन क्षेत्र पनि नराम्ररी प्रभावित भएको छ । चरा हेर्नका लागि प्रसिद्ध कोशी टप्पु वन्यजन्तु आरक्षले चराहरू गुमाउँदैछ, किनभने तिनीहरू यहाँको खडेरी सहन सक्दैनन् ।" भौगोलिक संवेदनशीलतामा देखिने यस्ता स्पष्ट भिन्नताहरूले गर्दा अब "सधैं एउटै उपाय" भन्ने नीतिगत दृष्टिकोणलाई पुर्णतया परित्याग गरी 'स्थानीयकृत अनुकूलन रणनीतिहरू' अवलम्बन गर्न अपरिहार्य भइसकेको छ ।

- **नीतिगत समाधानः** सङ्घीय मन्त्रालयहरूले अद्वितीय भौगोलिक जोखिमहरूलाई प्रतिबिम्बित गर्ने गरी पालिकास्तरीय अनुकूलन रणनीतिहरू अनिवार्य गर्नुपर्छ । पहाडी क्षेत्रका नीतिगत अभ्यासहरूले वातावरणीय जलाधार पुनर्स्थापना, सुक्दै गएका मुहानहरूको भौतिक पुनर्जीवन, र वन्यजन्तु रोकथामका लागि सुरक्षात्मक बारबन्देजलाई प्राथमिकता दिनुपर्छ । तराई लक्षित रणनीतिहरूले प्राविधिक रूपमा निर्मित बाढी नियन्त्रण पुर्वाधार, सुदृढ पालिकास्तरीय तापलहर न्युनीकरण योजनाहरु, र जलवायु उत्थानशील तथा आपतकालीन सरसफाइ सञ्जालहरुमा ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ ।

- **तथ्याङ्क प्रणालीकरण:** नगरपालिकाहरूले एकरूप जलवायु अभिलेखीकरण प्रणाली निर्माण गर्नुपर्छ । सरकारी निकायहरूले स्थानीयकृत, उपराष्ट्रिय अनुसन्धानमा लगानी गर्नुपर्छ, जसले स्थानीय जलवायु प्रक्षेपणलाई बसाइँसराइ नमूनाकरणसँग (migration modeling) एकीकृत गर्दछ, ताकि दूरदर्शी र स्थानविशेष पूर्वाधार लगानीलाई सही दिशामा निर्देशित गर्न सकियोस् ।

## ग. विपत् - संवेदनशील सामाजिक सुरक्षा र आर्थिक पुनर्एकीकरण

स्थानीय तहका वित्तीय तथा सामाजिक सुरक्षा कार्यक्रमहरू दीर्घकालीन उत्थानशीलता निर्माणभन्दा पनि विपत् पछिको राहत तथा तत्कालीन सहयोगमा केन्द्रित देखिन्छन् । यसले जलवायु परिवर्तनका कारण बसाइँ सरेका वा पुनः गाउँ फर्किएका परिवारहरूको दीर्घकालीन आवश्यकता सम्बोधन गर्न सकेको छैन । अध्ययनले 'विपरीत-बसाइँसराइ' (reverse migration) को प्रवृत्ति पनि देखाएको छ, जहाँ केही परिवारहरू तराईको बढ्दो तापक्रम, सहरी प्रदुषण, जीवनयापनको बढ्दो लागत तथा सामाजिक-सांस्कृतिक विच्छेदनका कारण पुर्ख्यौली पहाडी बस्तीहरूमा फर्किरहेका छन् ।

अध्ययनमा सहभागीहरूले उपयुक्त कृषि नीति, बजार पहुँच र स्थानीय रोजगारीका अवसर उपलब्ध भए गाउँ फर्केर बस्न इच्छुक रहेको बताएका छन् । तर गाउँ फर्किएका परिवारहरूले कमजोर पुर्वाधार, घट्दो कृषि उत्पादकत्व, सीमित रोजगारीका अवसर तथा लगानीका लागि आवश्यक पुँजीको अभावजस्ता चुनौतीहरूको सामना गर्नुपरेको छ। परिणामस्वरूप धेरै ग्रामीण समुदायहरू रेमिट्यान्समा अत्यधिक निर्भर बन्दै गएका छन्, जसले स्थानीय अर्थतन्त्रको दिगोपनामा प्रश्न खडा गरेको छ ।

तसर्थ, जलवायुजन्य बसाइँसराईबाट प्रभावित तथा गाउँ फर्किएका परिवारहरूको आर्थिक पुनर्एकीकरण र दीर्घकालीन जीविकोपार्जन सुनिश्चित गर्न नेपालले विपत्-संवेदनशील सामाजिक सुरक्षा प्रणाली, स्थानीय रोजगारी सिर्जना, कृषि तथा उद्यम प्रवर्द्धन, र पुनर्स्थापनामुखी आर्थिक कार्यक्रमहरूलाई प्राथमिकता दिन आवश्यक छ । यस्ता उपायहरूले बाध्यतात्मक बसाइँसराइ न्युनीकरण गर्नुका साथै सुरक्षित, मर्यादित र दिगो बसोबासका अवसरहरू सुदृढ गर्न मद्दत पुऱ्याउनेछन् ।

- **नीतिगत समाधान:** स्थानीय सरकारहरूले 'विपत् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड २०२५' (Shock Responsive Social Protection and Relief Distribution Standard 2025) लाई सक्रिय रूपमा कार्यान्वयनमा ल्याउनु पर्छ। यस नीतिगत खाकाको उपयोगमार्फत पालिकाहरूले आफ्नो बजेटलाई परम्परागत 'प्रतिक्रियात्मक राहत वितरण' बाट रूपान्तरण गरी 'पूर्वानुमानमा आधारित वित्तीय सुरक्षा सञ्जाल' (Anticipatory Action–based Financial Safety Net) तर्फ केन्द्रित गर्नुपर्छ। यसो गर्दा, विपत् आउनु वा विस्थापन हुनुपूर्व नै नागरिकहरूको जलवायु-उत्थानशील जीविकोपार्जनलाई सुरक्षित गर्न सम्भव हुन्छ ।
- **हरित पुनर्एकीकरण प्याकेज (Green Reintegration Package):** स्थानीय सरकारहरूले वैदेशिक रोजगारीबाट फर्किएका प्रवासीहरूलाई लक्षित गरी विशेष आर्थिक प्रोत्साहन, सहुलियतपूर्ण कृषि अनुदान तथा स्थानीय उद्यमशीलता प्रवर्द्धन कार्यक्रमहरू विकास गर्नुपर्छ। यस्ता हरित पहलहरूले फर्किएका युवाहरूसँग भएको 'सामाजिक पूँजी' (सीप, प्रविधि र अनुभव) लाई सही सदुपयोग गर्दै, जनसङ्ख्या घटिरहेका (उत्प्रवासनमा परेका) ग्रामीण अर्थतन्त्रलाई पुनर्जीवित गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउँछ ।

## घ. लैङ्गिक-उत्तरदायी र समावेशी जलवायु मैत्री कृषि

यस अध्ययनले रोजगारयोग्य पुरुषहरूको व्यापक बाह्य बसाइँसराईले ग्रामीण पहाडी तथा हिमाली समुदायहरूमा कृषि क्षेत्रमा महिलाको बढ्दो संलग्नता (feminization of agriculture) निम्त्याएको देखाएको छ। फलस्वरूप, महिलाहरूले घर व्यवस्थापन र कठोर कृषि श्रमको दोहोरो भार वहन गरिरहेका छन्, तर उनीहरू अझै पनि औपचारिक भुमि स्वामित्व, कृषि सामग्रीमाथिको पहुँच तथा संस्थागत स्रोत व्यवस्थापनका निर्णय प्रक्रियाहरूबाट संरचनागत रूपमै वञ्चित छन् ।

अध्ययनका क्रममा जातीय पृष्ठभूमि अनुसार बसाइँसराईको प्रवृत्तिका भिन्नता समेत पाइएको छ । उदाहरणका लागि, ब्राह्मण र क्षेत्री परिवारहरूमा उच्च बाह्य बसाइँसराइ देखिन्छ, जसलाई स्थानीय उखानले यसरी समेटेको छ: "बाहुन र क्षेत्रीहरू जीवनभर कडा परिश्रम गर्छन्, तर आफ्नो कमाइ तराईको मैदानमा खन्याउँछन् ।" यसको विपरीत, आदिवासी राई र तामाङ परिवारहरूमा गहिरो पुर्ख्यौली सम्बन्धका कारण बसाइँसराईको दर तुलनात्मक रूपमा कम देखिन्छ । यसको अर्थ, यी समुदायका महिलाहरू गम्भीर रूपमा सीमित बाह्य स्रोतहरूको सहारामा वातावरणीय रूपमा क्षयीकरण भएका भूभागहरू व्यवस्थापन गर्न बाध्य छन् । यो यथार्थले "जसको केही छैन, उनीहरूसँग बसाइँ सर्नुको विकल्प छैन" भन्ने मान्यतालाई बलियो बनाउँछ, जबकि आर्थिक रूपमा सबलहरू स्वेच्छाले सुगम ठाउँमा बसाइँ सर्छन् । यस्ता संरचनागत संवेदनशीलतालाई न्यूनीकरण गर्न स्रोत बाँडफाँडमा जानाजानी, लैङ्गिक-रूपान्तरणकारी दृष्टिकोण (Gender–Transformative Approach) अपनाउनु अपरिहार्य देखिन्छ ।

- **नीतिगत समाधान:** यसका लागि स्थानीय सरकारहरूले पालिका स्तरीय 'जलवायु न्याय समिति' र 'स्थानीय जल उपभोक्ता समूह' जस्ता संयन्त्रहरूमा महिला, दलित तथा साना किसानहरूको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गर्दै औपचारिक नेतृत्व पदहरूमा उनीहरूको पहुँचलाई संस्थागत गर्नुपर्छ ।
- **प्राविधिक सेवाको पुनःसंरचना:** कृषि ज्ञान केन्द्र/शाखाहरूले महिला किसानहरूका लागि स्थानीयकृत सहयोग विस्तार गर्नुपर्छ । यसमा जलवायु-अनुकूल प्रविधिहरूमा लक्षित तालिम, खडेरी-प्रतिरोधी बीउका प्रजातिहरूको वितरण, र स्वतन्त्र महिला भू-स्वामित्व अधिकारलाई कानुनी रूपमा सुरक्षित गर्दै साना सिँचाइ पूर्वाधारमा सुनिश्चित पहुँच समावेश छ ।

## ङ. वातावरण-संवेदनशील र द्वन्द्व-संवेदनशील क्षेत्रीय पुर्वाधार

कमजोर संस्थागत क्षमता र असमन्वित स्थानीय पुर्वाधार योजनाहरू–जस्तै जथाभावी ग्रामीण सडक निर्माण र अनुगमनविहीन प्राकृतिक स्रोतको उत्खनन् कार्यले वातावरणीय जोखिमलाई तीव्र रूपमा बढाएका छन् । यो संरचनागत असफलताले अन्जानमै गहिरो सामाजिक असमानताहरूलाई संस्थागत गर्दै महत्त्वपूर्ण पानी तथा जग्गा स्रोतहरूमा वातावरणीय द्वन्द्व निम्त्याइरहेको छ। अन्तर्वातामा सहभागीहरूले पुर्वाधार र जलवायु दबाबको एउटा उल्लेखनीय उदाहरणका रूपमा वि.सं. २०७५ को घटनालाई स्मरण गरेका छन् जतिबेला भोजपुरको रामप्रसाद राई गाउँपालिकाको थक्ले गाउँ नै पानीको अभावका कारण विस्थापित हुन बाध्य भएको थियो। जब भुमिगत जलस्रोतहरू द्रुत रूपमा समाप्त हुन्छन्, तब पालिकाहरूको परनिर्भरता नियन्त्रण बाहिर जान्छ र विद्यमान पुर्वाधारहरूमा गम्भीर तनाव पैदा हुन्छ। यसै सन्दर्भमा संखुवासभाको खराङका एक उत्तरदाताले उल्लेख गरेका छन् "पहिले सात घरधुरीलाई मात्र पुग्ने एउटै खानेपानीको धाराले अहिले २५ घरधुरीलाई सेवा दिइरहेको छ, जसले पानीको अभावलाई थप गम्भीर बनाएको छ।" अतः भौतिक विकासले समुदायको जलवायु उत्थानशीलतालाई थप कमजोर नबनाओस् भन्ने सुनिश्चित गर्न अब पुर्वाधार शासन (Infrastructure Governance) मा व्यापक सुधार र अनुकूलन हुनु अपरिहार्य देखिन्छ ।

- **नीतिगत समाधान:** स्थानीय र प्रादेशिक योजना निकायहरूले निर्माण कार्यले प्राकृतिक जोखिमहरू बढाउनबाट रोक्नका लागि सडक, बाँध र सिँचाइ नहरहरू लगायतका सबै ग्रामीण पूर्वाधार आयोजनाहरूको कडा, स्वतन्त्र वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था अनिवार्य गर्नुपर्छ ।
- **द्वन्द्व मध्यस्थता:** स्थानीय सरकारहरूले आफ्नो स्वीकृत मानक कार्यसञ्चालन कार्यविधि (SOP) भित्र 'द्वन्द्व संवेदनशील योजना' (Conflict–Sensitive Planning) लाई अनिवार्य रूपमा समावेश गर्नुपर्छ। विशेषगरी, सीमापार जलवायु सङ्कट तथा प्राकृतिक स्रोतसाधनको उपयोगबाट उत्पन्न हुन सक्ने सम्भावित तनावलाई न्यूनीकरण गर्न स्थानीय निकायहरूले माथिल्लो तटीय (Upstream) पहाडी क्षेत्र र तल्लो तटीय (Downstream) तराईका बस्तीहरूबीच पारदर्शी जोखिम मूल्याङ्कन प्रणाली विकास गर्नुपर्छ। साथै, दुवै क्षेत्रका समुदायको हित सुनिश्चित हुने गरी औपचारिक एवं समतामूलक' स्रोत लाभ-बाँडफाँट संयन्त्र' (Resource Benefit–Sharing Mechanism) तत्काल कार्यान्वयनमा ल्याउनु जरुरी छ ।

Centre for Social Change
सामाजिक परिवर्तन केन्द्र

Governance Monitoring Centre Nepal

Published by:

**Centre for Social Change**

Socialchange.org.np

Gmcnepal.org

June 2026

*All rights reserved. No part of this publication may be reproduced or transmitted in any form or by any means, including photocopying and recording or by any information storage and retrieval system without prior approval from the CSC.*

Copyright © Centre for Social Change, 2026

CENTRE FOR SOCIAL CHANGE
Gahanapokhari Marg – 5, Kathmandu
Socialchange.org.np